## बैठक संख्या ३

आज मिति २०८२/०५/१८ गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितीमा बसी देहाय बमोजिम निर्णय पारित गरियो ।

### उपस्थिती

| क.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री हरिश चन्द्र राना | अध्यक्ष | |
| २. | श्री शान्ती नाथ | सदस्य | |
| ३. | श्री गज बहादुर बिष्ट | सदस्य | |
| ४. | श्री नारद सिंह उर्याल | सदस्य | |
| ५. | श्री दुर्गा प्रशाद चौधरी | सदस्य | |
| ६. | श्री विर बहादुर खडका | सदस्य | |
| ७. | श्री ईन्द्र बहादुर खडका | सदस्य | |
| ८. | श्री गौरी देवी पाध्या | सदस्य | |
| ९. | श्री हर्कमती पाध्या | सदस्य | हर्कमती |
| १० | श्री तारा देवी गिरी | सदस्य | |
| ११. | श्री बसन्ती देवी सुनार | सदस्य | |
| १२. | श्री चेतराम माली | सदस्य | |
| १३. | श्री मीना सुनार | सदस्य | |
| १४. | श्री रामकृष्ण वि.क. | सदस्य सचिव | |

CamScanner

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या ३/२०८२/०८३ मिति २०८२/०५/१८ गते

**प्रस्ताव नं.१:- भू-उपयोग क्षेत्र वर्गीकरणमा छुटन गएका कित्ताहरु समावेशको लागि ३५(पैंतिस दिने सार्वजनिक सूचना प्रकाशित गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१:**-प्रस्ताव नं. १ माथि छलफल हुँदा भू-उपयोग नियमावली, २०७९ को नियम ५ को उपनियम १ बमोजिम बेलडाँडी गाउँपालिकाको स्थानिय भू-उपयोग परिषदले आफ्नो क्षेत्राधिकार भित्रको जग्गाको भू-उपयोग क्षेत्र वर्गीकरण मिति २०८०/०२/१० गते प्रकाशित भईसकेको भू-उपयोग वर्गीकरणमा कित्ताहरु छुटन गएका जग्गाधनीहरुलाई भू-उपयोग क्षेत्र वर्गीकरणमा आफ्नो कित्ताहरु समावेश गर्नका लागि सम्बन्धित वडा कार्यालयबाट तपशिल बमोजिमका कागजात समावेश गरि सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्न ३५(पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्न वडा कार्यालयहरुलाई पत्राचार गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपशिल:-

(१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि । (२) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि ।

(३) नक्सा (४) सक्कलै निवेदन ।

**प्रस्ताव नं.२:- घरनक्सा नियमन तथा अभिलेखीकरणको लागि ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्ने सम्बन्धमा ।**

**निर्णय नं.२:**-प्रस्ताव नं. २ माथि छलफल हुँदा स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) बमोजिम तथा बेलडाँडी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐनको दफा (४) बमोजिम गाउँ कार्यपालिकाबाट पारित भवन नियमित तथा अभिलेखीकरण सम्बन्धि कार्यविधि, २०७९ बनाई जारी गरेको र उक्त कार्यविधि तथा स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ७ को दफा ४२ को अधीनमा रही स्थानिय सरकार संचालन ऐन, २०७४ प्रारम्भ हुनुभन्दा पहिले प्रचलित कानून बमोजिम नक्सा पास गर्नुपर्ने नक्सा पास नगरी बनेका तथा पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी बनाएको भवनको हकमा मात्र लागू हुनेगरी देहायका प्रावधान बमोजिम पुरानो घरनक्सा नियमन तथा अभिलेखीकरण सम्बन्धि ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

(१) पुराना भवनको नक्सा नियमित तथा अभिलेखीकरण गर्ने कार्य एक पटकको लागि मात्र लागु हुने ।

(२) पुराना भवनको नक्सा नियमित तथा अभिलेखीकरण गर्ने कार्यका लागि हालको सडक मापदण्ड र भवनको चारैतिरको Setback मिलेको हुनुपर्ने ।

(३) मुख्य बजार क्षेत्रमा दुबैतर्फ टाँसेर भवन निर्माण गर्न दिने भन्ने शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मापदण्ड,२०७२ को दफा १३७ अनुसार ५ तलासम्म स्वीकृति प्रदान गर्न सकिने भन्ने प्रावधान भएको हुँदा हाललाई मुख्य बजार क्षेत्रमा जोडिएका भवनलाई ३ तलासम्म अभिलेखीकरण गर्ने र सो भन्दा माथि भएमा Structural Report का आधारमा उपयुक्त देखिएमा भवन निर्माण सम्पन्न अभिलेखीकरण प्रमाण पत्र दिईने ।

(४) Load bearing भवनको हकमा २ तलासम्म मात्र स्वीकृति दिने ।

(५) अन्य कुराको हकमा यस गाउँपालिकाले स्वीकृत गरेको भवन नियमित तथा अभिलेखीकरण सम्बन्धि कार्यविधि, २०७९ बमोजिम हुने ।

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं.३:- अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

**निर्णय नं.३:-**प्रस्ताव नं. ३ माथि छलफल हुँदा रिट/ निवेदक मिन बहादुर विष्टले उत्प्रेषण, परमादेश लगायत उपयुक्त आदेश जारी गरि पाउँ भनि बेलडाँडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय बेलडाँडी कंचनपुर, बेलडाँडी गाउँपालिकाका अध्यक्ष हरिश चन्द्र राना, बेलडाँडी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, शिक्षा युवा तथा खेलकूद शाखा प्रमुख समेतलाई विपक्षी बनाई सम्मानीत सर्वोच्च अदालतमा रिट नं. ०८२-WO-०१२७ बाट उत्प्रेषण माग दावि गरी, दर्ता गरेको रिट निवेदनमा यस बेलडाँडी गाउँपालिका समेतका नाउँमा मिति २०८२/०५/०४ गतेका दिन १५ दिनभित्र आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनि म्याद तामेल भएकोले उक्त तामेली म्याद भित्रै सम्मानीत सर्वोच्च अदालतमा लिखित जवाफ दर्ता गर्न जिल्ला कंचनपुर बेलौरी नगरपालिका वडा नं. १० घर भई हाल जिल्ला काठमाण्डौं, का.म.न.पा. वार्ड नं. २९ बस्ने केशव दत्त जोशीको छोरा वर्ष २५ को संजीव जोशी (ना.प्र.प.न.७५-०१-७७-०६१६५) लाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.४:- मेचिङ्ग फण्डको रकम व्यहोर्ने सम्बन्धमा ।**

**निर्णय नं.४:-**प्रस्ताव नं. ४ माथि छलफल हुँदा देहायका कार्यक्रममा यस पालिकाबाट नियमानुसार व्यहोर्नु पर्ने मेचिङ्ग फण्डको रकम गाउँपालिकाबाट व्यहोर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहायः-

(१) निड्स, कंचनपुरसंग विपद् व्यवस्थापन कार्यक्रममा ।

**प्रस्ताव नं.५:- थप पारिश्रमिक रकम दिने सम्बन्धमा ।**

**निर्णय नं.५:-**प्रस्ताव नं. ५ माथि छलफल हुँदा भूमि शाखामा कार्यबोझ बढि भई देहायको थप जनशक्ति कामकाजमा खटाईएकोले खटाईएका कर्मचारीलाई निजले पाउने पारिश्रमिकका अतिरिक्त खाईपाई आएको पारिश्रमिकको २५प्रतिशत थप पारिश्रमिक रकम भूमि शाखाको बजेटबाट भूक्तानी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

देहायः-

१. राजेश कुमार चौधरी - एम.आई.एस. अप्रेटर

२. जनकराज जैशी - रोजगार सहायक

**प्रस्ताव नं.६:- कार्यविधि संशोधन गर्ने र विदा स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं.६:-**प्रस्ताव नं. ६ माथि छलफल हुँदा करार जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि,२०७९ को अनुसुची १२ को दफा ५ मा सुत्केरी विदा अघिपछि गरि बढिमा ६० (साठी) दिन (महिला कर्मचारी लागि) उपलब्ध गरिनेछ भनिएकोमा करार जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि,२०७९ (प्रथम संशोधन मिति २०८२ भाद्र १८ गते) को अनुसूची १२ को दफा ५ मा सुत्केरी अघिपछि ९८ (अन्ठानब्बे) दिन (महिला कर्मचारीलाई) उपलब्ध गराउने उल्लेख गरि कार्यविधि संशोधन गर्ने र सोही कार्यविधि बमोजिम सुत्करी विदा स्वीकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं.७:- रकम थप ग[illegible] सम्बन्धमा ।**

**निर्णय नं.७:-**प्रस्ताव नं. ७ माथि छलफल हुंदा यस गाउंपालिका अन्तर्गत देहायको योजना निर्माणको लागि प्राप्त कूल बजेटको १० प्रतिशतले हुन आउने रकम थप गरि योजनाको टेण्डर गर्ने र उक्त थप हुन गएको रकम गाउंपालिकाबाट व्यहोर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

| क.सं. | योजनाको नाम, ठेगाना | प्राप्त बजेट रकम रु. | गा.पा. को रकम रु. | कूल रकम रु. | टेण्डर हुने कूल रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| १. | कंचनपुर जिल्ला बेलडाँडी गाउँपालिका वडा नं. ५ ईमलियामा रानाथारुको कचेरी घर निर्माण | २५००००० शहरी विकास मन्त्रालयको | २५०००० गा.पा. को १० प्रतिशत रकम | २७५०००० | २७५०००० | |

**प्रस्ताव नं.८:- विद्यालय व्यवस्थापन अनुदान दिने सम्बन्धमा ।**

**निर्णय नं.८:-**प्रस्ताव नं. ८ माथि छलफल हुँदा यस गाउँपालिकाले पालिकाभित्रका सामुदायिक विद्यालयमा नि:शुल्क शिक्षा कार्यक्रम संचालन गर्दै आईरहेको र सामुदायिक विद्यालय व्यवस्थापनका लागि अर्को व्यवस्था नभएसम्मको लागि देहाय बमोजिमको रकम निजी शिक्षकका लागि तलब अनुदान शिर्षकबाट विद्यालय व्यवस्थापन अनुदान रकम सम्वन्धित विद्यालयको खातामा निकासा दिने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

| क.स | विद्यालयको नाम | जम्मा रु | कै. |
|---|---|---|---|
| १. | श्री सरस्वती जनता मा.वि. बैवाहा बेलडाँडी वडा नं.४ | १४४००० | |
| २. | श्री सिंहपाल आ.वि.चन्दनबस्ती बेलडाँडी वडा नं.२ | ४४००० | |
| ३. | श्री सरस्वती मा.वि. झरनासागर बेलडाँडी वडा नं.१ | ११९००० | |
| ४. | श्री सिद्धनाथ मा.वि. चौफेरी खैरीघाट बेलडाँडी वडा नं.३ | ७२००० | |
| ५. | श्री गणेश मा.वि. भूर्षा बेलडाँडी वडा नं. ५ | २५००० | |
| ६. | श्री बैजनाथ मा.वि. झिलमिला बेलडाँडी वडा नं. ५ | ९४००० | |
| | जम्मा रु. | ४९८००० | |

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय ८मा पारदर्शी नभएकोले यस निर्णयमा मेरो असहमति रहेको छ